# ♦........ नेपाल वायुसेवा निगम,आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६१

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६१।७।२३

संशोधन
नेपाल वायुसेवा निगमसँग सम्बन्धित केही नियमहरुलाई
संशोधन गर्ने नियमावली, २०७० २०७०।१।३०

नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम " ♦....... नेपाल वायुसेवा निगम, आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६१" रहेकोछ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक प्रशासन सम्बन्धी व्यवस्था** : निगमको आर्थिक प्रशासन सम्बन्धी व्यवस्था नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७क. बमोजिम बनाइने विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

३. **खारेजी र बचाउ** : (१) शाही नेपाल वायुसेवा निगमका, आर्थिक प्रशासन नियमावली, २०४२ खारेज गरिएकोछ ।
(२) यो नियमावली लागू हुनुअघि शाही नेपाल वायुसेवा निगम, आर्थिक प्रशासन नियमावली, २०४२ बमोजिम भए गरेका काम कारवाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७क. बमोजिम बनाइने विनियम बमोजिम भए गरेको मानिनेछ ।

**द्रष्टव्य** : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएको शब्दहरु :- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"

♦ नेपाल वायुसेवा निगमसँग सम्बन्धित केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।